बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
बज्रबाराही चापागाउँ अस्पताल
गोदावरी न.पा. ११, ललितपुर

## कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०३)**

यस बज्रबाराही चापागाउँ अस्पतालमा सेवा प्रवाहलाई निरन्तरता दिन **मासिक ज्यालादारी सेवामा कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट** पदमा कार्य गर्न इच्छुक योग्य नेपाली नागरिकहरूबाट देहाय बमोजिम दरखास्त आह्वान गरिन्छ।

**विवरण**

- **पदः** कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट
- **सेवाको प्रकारः** मासिक ज्यालादारी
- **संख्याः** १ (एक)
- **पारिश्रमिकः** अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय बमोजिम।
- **न्यूनतम योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट **MD in Anaesthesiology** उत्तीर्ण गरी **नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ चिकित्सकको रूपमा दर्ता** भएको।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू**

१. निवेदन।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
३. **MD in Anaesthesiology** को शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।
४. नेपाल मेडिकल काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपि।
५. कार्य अनुभव प्रमाणपत्र (भएमा)।

**दरखास्त बुझाउने स्थानः** प्रशासन शाखा, बज्रबाराही चापागाउँ अस्पताल, चापागाउँ, ललितपुर।

**दरखास्त दिने अन्तिम मितिः** यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **७ (सात) दिनभित्र** कार्यालय समयभित्र दरखास्त पेश गर्नुपर्नेछ।

**विशेष शर्तहरू**

१. नियुक्ति मासिक ज्यालादारी सेवामा हुनेछ र पारिश्रमिक अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय बमोजिम उपलब्ध गराइनेछ।
२. अस्पतालमा **छात्रवृत्ति करार अन्तर्गतका एनेस्थेसियोलोजिष्ट वा स्थायी दरबन्दीका एनेस्थेसियोलोजिष्ट** पदस्थापन, सरुवा वा हाजिर भएमा यस मासिक ज्यालादारी सेवाको करार स्वतः अन्त्य भएको मानिनेछ।
३. आवश्यक परेमा अस्पतालले प्रचलित कानुन बमोजिम सेवा समाप्त गर्न सक्नेछ।
४. यस सूचनामा उल्लेख नभएका अन्य विषयहरू **प्रचलित कानुन, नियमावली तथा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय बमोजिम** हुनेछन्।
५. अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय अन्तिम हुनेछ।

**थप जानकारीका लागिः** प्रशासन शाखा, **बज्रबाराही चापागाउँ अस्पताल**, चापागाउँ, ललितपुर